भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
विश्व वातावरण दिवस मनाउने सम्बन्धि सार्वजनिक सूचना
सुचना प्रकासन मिति २०८२/०२ /१७

उपरोक्त सम्वन्धमा प्रत्येक वर्ष जुन ५ मा मनाउदै आईरहेको विश्व वातावरण दिवस यहि मिति २०८२ साल जेष्ठ २२ गते पर्न गएको र यस वर्ष "प्लाष्टिक प्रदुषण न्यूनिकरण: हाम्रो दायित्व" "Reducing plastic pollution: Our responsibility" भन्ने नाराका साथ भरतपुर महानगरपालिका वाट तपसिल वमोजिमको कार्यक्रम गरी विश्व वातावरण दिवस मनाउने कार्यक्रम रहेको हुदा सरोकारवाला अभियान्ता एवम् आम नगरवासी हरु सबैलाई यसै सूचना द्धारा जानकारी एवम् अनुरोध गरिन्छ ।

तपसिल

मिति २०८२/०२/२० गते  सरकारी कार्यालयहरु सबै, महानगरपालिकाका वडा कार्यालयहरु सबै गैरसरकारी तथा वित्तीय सस्थाहरु सवैले आ-आफ्नो कार्यालय परिसर सफा गर्ने र बृक्षारोपण गर्ने ।

मिति २०८२/०२/२१ गते  यस महानगरपालिकाका भित्रका सबै टोल विकास संस्थाहरुले आ-आफ्नो टोल,सबै सामुदायिक र संस्थागत बिद्यालय,क्याम्पस, कलेज हरु सवैले आ-आफ्नो शैक्षिक परिसर सफा गर्ने र बृक्षारोपण गर्ने ।

मिति २०८२/०२/२२ गते विहान ७ वजे देखि यस महानगरपालिकाको समन्वयमा गोन्द्राङ्ग देखि जिल्ला प्रशासन चोक सम्म सिक्स लेन सडक खण्डमा विरुवा गोडमेल र सरसफाई गर्ने । गोन्द्राङ्गमा नगर प्रमुखज्यु  र नगर उप प्रमुखज्यु वाट वर पिपलको विरुवा वृक्षारोपण गरि कार्यक्रम शुभारम्भ गर्ने । उक्त अभियानमा  सबै टोल विकास संस्थाहरु, सबै सामुदायिक र संस्थागत बिद्यालयहरु , क्याम्पस, कलेज हरु सवै , सरकारी कर्मचारी, उद्योगी, व्यापारी, सरसफाई अभियान्ता एवम् आम नगरवासी हरुमा सहभागीताको लागि हार्दिक अनुरोध छ ।

नोट:महानगरपालिकाको सहकार्यमा विश्व वातावरण दिवस मनाउन चाहाने संघ/संस्थाहरुले आफ्नो कार्यक्रम सहित भरतपुर महानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

(वातावरण तथा विपद् व्यवस्थापन महाशाखा)
भरतपुर महानगरपालिका
चितवन

**उप निर्देशक**